# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission


प. स:

च. नं. / Ref:

मितिः २०७५/१२/१८

## प्रेस विज्ञप्ति

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष माननीय बालानन्द पौडेलको अध्यक्षतामा संघीय मन्त्रालयका सचिवज्यूहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको सुरूमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव बैकुण्ठ अर्यालले कार्यक्रमको उद्देश्य बारेमा संक्षिप्त प्रकाश पार्दै सबै मन्त्रालयका सचिवज्यूहरूलाई स्वागत गर्नुभयो । आयोगका सहसचिव गोपीकृष्ण खनालले नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम संघीय शासन प्रणालीमा तीन तहका सरकारहरूको वित्त व्यवस्थापन र आयोगको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुत गर्दै सहसचिव खनालले आयोगमा अध्यक्ष तथा सदस्यहरूको नियुक्ति नभइसकेको अवस्थामा आयोगले निर्माण गरेको चालु आर्थिक वर्षको वित्तीय हस्तान्तरणको आधार र ढाँचाको बारेमा प्रकाश पार्नुभयो । आगामी आर्थिक वर्षको लागि संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको आधार र ढाँचा निर्धारण गर्न आयोगले अवलम्बन गरेको विधिका बारेमा समेत उहाँले प्रकाश पार्नुभयो ।

कार्यक्रममा नेपाल सरकारका सचिवज्यूहरूले चालु आर्थिक वर्षमा मन्त्रालयहरूबाट प्रदेश तथ स्थानीय तहमा सशर्त अनुदानको रुपमा हस्तान्तरण भएका कार्यक्रम र बजेटबारे प्रष्ट पार्दै त्यसको कार्यान्वयनका जटिलताबारे आ-आफ्नो धारणा राख्नुभयो । मन्त्रालयका सचिवज्यूहरूले वित्तीय हस्तान्तरणको ढाँचा तयार गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ को दफा ३ को उपदफा (२) बमोजिम प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो । यस अवसरमा सचिवज्यूहरूले नवनियुक्त अध्यक्षलाई बधाइ तथा शुभकामना व्यक्त गर्दै आयोगका कामकारवाहीलाई प्रभावकारी बनाउन आफ्न सुझावहरू समेत प्रस्तुत गर्नुभयो । आयोगका सचिव बैकुण्ठ अर्यालले छलफलका क्रममा उठेका जिज्ञासाहरूको सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा सम्बोधन गर्दै आयोगका अध्यक्ष माननीय वालानन्द पौडेलले संविधान र कानुन बमोजिम वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनको आधार र ढाँचा निर्धारण गरी संघीय शासन प्रणालीलाई संस्थागत गर्न


सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np

प. स:

च. नं. / Ref:

आयोग सदैव लागिपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले आयोगका कामकारवाही तथ्यमा आधारित र वैज्ञानिक हुनुपर्ने र त्यसका लागि आवश्यक तथ्यांक तथा सूचनाको लागि नेपाल सरकारका सवै मन्त्रालय तथा प्रदेश र स्थानीय तहको समेत अत्यन्त महत्वपूर्ण भूमिका रहने विषयमा जोड दिनुभयो । संघीय व्यवस्थामा विभिन्न तहका सरकारहरूको अधिकार र जिम्मेवारी संविधानतः निर्धारण गरिने भएकोले कुन तहको सरकारले कुन कार्य गर्ने भन्ने विषयमा कार्य विस्तृतीकरण गरी संविधान बमोजिम निक्षेपित कार्यहरूको प्रभावकारी सम्पादनका लागि कस्तो वित्तीय स्रोतको प्रवन्ध गर्नु पर्ने हो भनी अध्ययन र सिफारिस गर्नु आयोगको संवैधानिक दायित्व भएको स्मरण गर्दै उहाँले आगामी दिनमा सरकारहरूको यो कार्य जिम्मेवारीको विस्तृतीकरण गर्न सवै मन्त्रालयहरूको सहयोगको अपेक्षा समेत गर्नुभयो । संघीय व्यवस्था नेपालको लागि नौलो भए पनि छोटो समयमा राजनीतिक र प्रशासनिक संक्रमणकालको व्यवस्थापन भइसकेको र वित्तीय संघीयताको संस्थागत संरचना निर्माणमा आयोग केन्द्रित रहने विचार व्यक्त गर्दै आयोगका कामकारवाहीमा नेपाल सरकारका सवै मन्त्रालय र निकायहरूको प्रभावकारी सहकार्य र समन्वयको लागि सवै सचिवज्यूहरूसँग सहयोगको आग्रह गर्नुभयो ।